
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०५९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक ९ गते शुक्रबार ❑ 25 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## रास्वपाले काठमाण्डौ केन्द्रीत आन्दोलन गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ८ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अबको आन्दोलन काठमाण्डौं केन्द्रित गर्ने भएको छ ।

रास्वपाका सभापति तथा पूर्व उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई सहकारीको रकम अपचलन गरेको आरोपमा प्रहरीले कास्कीको हिरासतमा राखेसँगै पोखरा केन्द्रीत आन्दोलन गर्दै आएको रास्वपाले भने भोली देखि काठमाण्डौं केन्द्रीत आन्दोलन गर्ने भएको हो ।

रास्वपा उप-सभापति स्वर्णिम वाग्लेले विहीवार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै आफूहरुको आन्दोलनको स्वरुप विहीबारबाटै फेरिएको जनाउनु भयो । हाम्रो आन्दोलन आजबाटै सांकेतिक रुपमा जान्छ, उहाँले भन्नुभयो, "त्यो कस्तो हुन्छ तपाईहरुले थाहा पाईहाल्नु हुन्छ' अब हामीले प्रदर्शनमा रास्वपाले भीड जम्मा नगरी गर्ने रणनीतिमा रहेका छौं ।" रास्वपाको आन्दोलन अब काठमाडौं केन्द्रित हुने रास्वपा गण्डकी प्रदेश संयोजक राजन गौतमले बताउनु भयो । उहाँले भन्नुभयो "हाम्रो पोखरा केन्द्रीत आन्दोलन एक हदसम्म सफल भयो, यस अभियानलाई सफल पार्नेहरुमा धन्यवाद दिन चाहान्छौं अब आन्दोलनलाई भोलिदेखि काठमाडौं केन्द्रीत गर्छौ । " सत्तारुढ ठूला दललाई देखाउन पनि काठमाडौं केन्द्रीत आन्दोलन गर्न आवश्यक भएको रास्वपाले जनाएको छ ।

रास्वपा प्रवक्ता मनिष झाले सहकारी बचत पीडितको आन्दोलनमा घुसपैठ हुने देखेकाले मूठभेड नहोस् भन्नका लागि आन्दोलनको स्वरुप परिवर्तन गरेको बताउनु भयो । पीडितको पक्षमा हुनेगरी आफूहरुले प्रतिवेदन बुझाएको, सदनमा आवाज उठाएको उहाँले जनाउनुभयो ।

सभापति रविलाई अदालतले पुनः म्याद थप भएको जानकारी पाएसँगै रास्वपाको आन्दोलन चर्कीएको थियो । उहाँहरुले निषेधज्ञा तोडेसँगै पोखराको शहिदचोक तथा राष्ट्र बैंकचोकमा केही समय तनावको स्थिति सृजना भएको थियो । उक्त भिडलाई नियन्त्रणमा लिन प्रहरीले अश्रु ग्याँस समेत फालेको थियो । रास्वपा समर्थित भिडले प्रशासनले निषेधज्ञा घोषणा गरेको राष्ट्र बैंकचोकमै पुगेर बिरोध प्रर्दशन सहितको कोर्ण सभा समेत गरेको थियो। आन्दोलनकारीले निषेधज्ञा तोडेसँगै राष्ट्र बैंकचोकमा नेपाल प्रहरी र शसस्त्र प्रहरीको ठुलो सङ्ख्यामा सहभागी गराइएको थियो। उक्त आन्दोलन चर्कीएसँगै रवि र जोशीलाई अदालतबाट जिल्ला प्रहरी कार्यालय पुर्याउन प्रहरीलाई वडा प्रहरी कार्यालय बैदाममा केही समय राखेर मात्र लगेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्व उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत कास्कीले अनुमति दिएको छ। सहकारीको रकम अपचलन गरेको आरोपमा पक्राउ परेका रविलाई जिल्ला अदालत कास्कीका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले थप सात दिन प्रहरी हिरासतमा राखेर अनुसन्धान गर्न आज अनुमति दिएको जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले बताउनु भयो ।

कात्तिक २ गते पक्राउ परेका लामिछानेले माथि यस अघि आइतबार ६ दिनको म्याद थप गरी अनुसन्धान जारी रहेको छ । सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखराको सहकारी ठगी तथा सङ्गठित अपराध सम्बन्धी मुद्दाका सम्बन्धमा लामिछानेलाई शुक्रबार काठमाडौँबाट पक्राउ गरी पोखरा ल्याइएको थियो ।

त्यसैगरी सहकारीको रकम अपचलनकै आरोपमा गत असोज ६ गते पक्राउ पर्नु भएको पूर्व प्रहरी नायब महानिरीक्षक छविलाल जोशीलाई समेत थप सात दिन हिरासतमा राखी अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ । उहाँहरुलाई आज जिल्ला अदालत कास्कीमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक बसन्तकुमार शर्माले बताउनु भयो । गत शुक्रबार रवि पक्राउ परेकै दिन पूर्व डीआईजी छविलालको गत असोज १७ गतेबाट लागू हुने गरी २० दिनको म्याद थप भएको थियो । जिल्ला प्रहरी कार्यालय कास्कीमा सूर्यदर्शन सहकारीको रकम गोर्खा मिडिया मार्फत अपचलन गरेको भन्दै गोर्खा मिडिया प्रालिका पूर्व प्रबन्ध निर्देशक रवि लामिछाने, सञ्चालक छविलाल जोशी सहित १८ व्यक्ति र संस्था विरुद्ध किटानी जाहेरी परेको थियो। यही प्रकरणमा गोर्खा मिडिया प्रालिका तत्कालीन अध्यक्ष जीबी राई भने अझै फरार हुनुहुन्छ ।

कास्की सहकारी बचत पीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठले रवि माथि उचित छानविन होस भनेर आफुहरुले आन्दोलन गरेको बताउनु भयो । उनले सहकारीको रकम हिनामिना गर्ने उपर न्यायमा कुनै प्रभाव नपर्ने गरी कार्वाहीको माग गर्नु भयो । हाम्रो बचत फिर्ता गर, सहकारीलाई न्याय दे, जिबी राईलाई पक्राउ गर, जिबी, रवि ठग हुन्, जिबी राई कहाँ छ रविलाई नै थाहा छ, गोर्खा मिडियाको पैसा फिर्ता गर लगायतका नारा लगाउनु भएको थियो । थालमा ढुंगा राखेर आफुहरुलाई खान समेत समस्या भएको सहकारी पिडितहरुले गुनासो गर्दै थाल प्रर्दशन तथा थाल ठटाउनु भएको थियो । पोखरामा केही दिन देखि सुरक्षा व्यवस्थालाई कडा बनाइएको छ

## होटल संघ पोखरामा पुनः सुवेदीको नेतृत्व

पोखरापत्र संवाददाता
पोखरा, ८ कार्तिक




होटल संघ पोखरा नेपालको अध्यक्षमा पुनः लक्ष्मण सुवेदी निर्विरोध निर्वाचित भएका छन् । संघको बिहीबार पोखरामा सम्पन्न २१ औं अधिवेशन तथा ४२ औं साधारण सभाले १२ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो ।

समितिको निवर्तमान अध्यक्षमा विकल तुलाचन रहेका छन् । प्रथम उपाध्यक्षमा दीपक श्रेष्ठ, द्वितीय उपाध्यक्षमा गणेशराज पहारी, महासचिवमा राजेन्द्र ढकाल र सचिवमा पार्वता पाण्डे चयन भए । कोषाध्यक्षमा नेत्रप्रसाद पौडेल र सहकोषाध्यक्षमा वैभव पौडेल निर्वाचित भए। यसैगरी समितिको सदस्यमा भरतराज शर्मा, डिल्लीराम गौतम, पञ्चम लामा, शिवराज पहारी र प्रतीकराज पहारी निर्वाचित भएको निर्वाचन समितिका संयोजक भरतराज पराजुलीले जानकारी दिए। स्टार र नन स्टार होटलतर्फबाट छ-छ जना, निवर्तमान अध्यक्ष एक जना र मनोनित चार गरी संघको कार्यसमिति कूल १७ सदस्यीय हुन्छ । अध्यक्षमा पुनः निर्वाचित भएपछि सुवेदीले सबै क्षेत्रको साथ र सहयोग लिएर संघका गतिविधि अगाडि बढाउने र प्रवर्द्धनका कार्यक्रमहरुमा जोड दिइने बताए । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अधिवेशन र साधारण सभाको उद्घाटन गरेका थिए । कार्यक्रममा उनले पोखरा पर्यटकीय राजधानी घोषणा गर्न गरिएको संघर्ष स्मरण गराउँदै यस्तो घोषणा गर्वको कुरा भएको बताए । उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान संचालन गर्न हरसंभव पहल थालिने बताए । पोखरा आउने पर्यटकको तथ्यांक राखिने घोषणा गर्दै उनले पोखरालाई सफा राख्न सरसफाई कर्मचारीहरुको संख्या वृद्धि गरिएको जानकारी गराए ।

होटल संघ नेपाल गण्डकीका अध्यक्ष एवं होटल संघ पोखरा नेपालका पूर्व अध्यक्ष एवं सल्लाहकार हरिप्रसाद शर्मा गैह्रेले विविध समस्याका कारण अहिले होटल व्यवसाय अगाडि बढाउने कार्य चुनौतिपूर्ण भएको बताए । पर्यटक आगमन उत्साहप्रद नभएको र उनीहरुको बसाई अवधि समेत घट्न पुगेको गैह्रेले सुनाए । पोखरा पर्यटकको बाइपासमा पर्न थालेको भन्दै उनले पोखरामा अन्तर्राष्ट्रिय उडान अब अनिवार्य भएको भनाई राखे । होटल संघ नेपालका केन्द्रिय सदस्य एवं होटल संघ पोखरा नेपाल निर्वाचन समितिका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भारतीय दूतावासको सहयोगमा क्याम्पस भवन निर्माण

पोखरापत्र संवाददाता
दमौली, ८ कार्तिक

नेपालस्थित भारतीय दूतावासको आर्थिक सहयोगमा तनहुँको आँबुखैरेनी गाउँपालिका-३ मा आँबुखैरेनी क्याम्पस भवन निर्माण गरिएको छ। भारतीय दूतावासको रु दुई करोड ७३ लाखको लागतमा उक्त भवन निर्माण गरिएको हो ।

उक्त भवनको बिहीबार भारतीय दूतावासका प्रथम सचिव अविनाशकुमार सिंह, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले र आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले संयुक्त रुपमा उद्घाटन गर्नुभयो । क्याम्पस भवनका लागि फर्निचर खरिद गर्न दूतावासले थप रु २२ लाख सहयोग गरेको क्याम्पस सञ्चालक समितिका अध्यक्ष ऋषि केसीले जानकारी दिनुभयो । विसं २०६९ फागुनमा निर्माण सुरु भएको उक्त भवन २०७२ मा निर्माण सम्पन्न भएको हो । दुईतले २४ कोठा भएको उक्त भवनमा स्नातक तहका विद्यार्थी अध्ययनरत छन् । नयाँ भवन निर्माणपछि पठनपाठनमा सहयोग पुगेको क्याम्पस प्रमुख बाबुराम देवकोटाले बताउनुभयो । क्याम्पसमा तीन सय सात विद्यार्थी अध्ययनरत छन् । तीमध्ये ९० प्रतिशत छात्रा रहेको उहाँले बताउनुभयो । क्याम्पसमा तनहुँका अतिरिक्त गोरखा र चितवनका विद्यार्थी समेत अध्ययनरत छन् ।

भवन उद्घाटन गर्दै भारतीय दूतावासका प्रथम सचिव सिंहले भारतले नेपालको स्वास्थ्य, शिक्षा तथा पूर्वाधार

बाँकी अन्तिम पृष्ठमा ▶▶



# कास्की जिल्ला स्तरीय अन्तर क्लब क्रिकेटमा कास्की सेमीफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

पोखरामा जारी कास्की जिल्ला स्तरिय अन्तर क्लब एक दिवसिय क्रिकेट प्रतियोगितामा कास्की सेमीफाइनलमा प्रवेश गरेको छ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा पोखरामा जारी प्रतियोगितामा समुह वि तर्फ अर्जुन कुमालको शतकीय प्रदर्शनीसँग कास्की क्रिकेट क्लबले माछापुच्छ्रे क्रिकेट क्लबलाई १ सय १९ रनले हराउँदै सेमीफाइनलमा प्रवेश गरेको हो । कास्कीको जितमा अर्जुन कुमाल नायक बन्नु भयो उहाँले १५१ रनको उत्कृष्ट पारी खेल्नुभयो । ३२९ रनको विजयी लक्ष्य पछ्याएको माछापुच्छ्रे २७.४ ओभरमा ११० रन बनाउँदै अलआउट हुन पुग्यो । माछापुच्छ्रेका ओपनर प्रमोद बास्तोलाले २२ रन बनाउनु भयो। उहाँले ३३ बलमा २ चौका र १ छक्का प्रहार गर्नु भयो।

कास्कीका लागि रिजन बस्नेतले ७ ओभरमा २९ रन खर्चदै सर्वाधिक ५ विकेट लिनु भयो । विश्वास पराजुलीले ५.४ ओभरमा १८ रन खर्चदै ३ विकेट लिन सफल हुनु भयो। त्यसअघि टस जितेर ब्याटिङ थालेको कास्की क्रिकेट क्लबले ५० आभेरमा ४ विकेट गुमाउँदै ३२८ विशाल योगफल तयार गऱ्यो । कास्कीका लागि अर्जुन कुमालले १५१ रनको उत्कृष्ट पारी खेल्दै आउट हुनु भयो । अर्जुनले १२८ बलमा १८ चौका र ३ छक्काको मद्धतमा एक शतक र एक अर्धशतक बनाउन सफल हुनुभयो । रोहित चन्दले ८८ रनको अविजित पारी खेल्नु भयो। उहाँले ८६ बलमा ४ चौका र ४ छक्का प्रहार गर्दै नटआउट रहनु भयो । माछापुच्छ्रेका लागि कविन सापकोटाले ८ ओभरमा ६४ रन खर्चदै २ विकेट रिटेश बराल र दिपेश खत्रीले समान १/१ विकेट लिनु भयो। जितसँगै कास्कीको कुल ४ अंक रहेको छ। कास्की समुह विजेता बन्दै सेमीफाइनलमा प्रवेश गर्न सफल भएको हो । यस्तै माछापुच्छ्रेको १ अंक छ। लेखनाथ यस अघिनै बाहिरि सकेको छ।

१२ गतेसम्म सञ्चालन हुने प्रतियोगितालाई गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले सहयोग गरेको छ। उक्त प्रतियोगिता प्रधानमन्त्री कप क्रिकेटका लागि जिल्ला छनोटको रुपमा समेत रहेको कास्की जिल्ला क्रिकेट संघका सचिव विरेन्द्र पुनले जानकारी दिनुभयो। शुक्रबारको खेल समुह सि तर्फ अरण्याज्योती विरुद्ध राइजिङ क्रिकेट क्लब बिच हुने भएको संघ गण्डकी प्रदेशका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो।



शिव मन्दिर र निर्माणाधीन पञ्चमुखे गणेशको मूर्तिः सराङ्कोट धार्मिक तथा पर्यटन क्षेत्र विकास समितिले पोखरा-१८, सराङकोटमा धार्मिक पर्यटकलाई लक्षित गरी निर्माण गरेको शिव मन्दिर र निर्माणाधीन पञ्चमुखे गणेशको मूर्ति। तस्बिरः जमुनावर्षा शर्मा/रासस

# एभरेस्ट एफएमको आकस्मिक रक्तदानको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

एभरेस्ट एफएमले आयोजना गर्ने आकस्मिक रक्तदान कार्यक्रम शनिबार हुँदैछ।

पोखरामा रगतको अभाव भएपछि पोखरामा देखिएको रगतको अभावलाई पूर्ति गर्न एभरेस्ट एफएमले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भोलि कात्तिक १० गते शनिबार आकस्मिक रक्तदान कार्यक्रम गर्न लागेको हो । रक्तदान कार्यक्रम भोलि विहान ७ बजेदेखि मध्याह्न १२ बजेसम्म एभरेस्ट एफएमको प्राङ्गणमा चल्ने एफएमले जनाएको छ। रक्तदान कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको एफएमले जनाएको छ।

विभिन्न चाडपर्वका कारण नियमित रक्तदान कार्यक्रम नहुँदा पोखरामा रगतको अभाव देखिएको रक्तसञ्चार केन्द्र पोखराले जनाएको छ । क्षेत्रीय रक्तसञ्चार केन्द्र पोखराको अनुरोधमा रक्तदान कार्यक्रम गर्न लागेको एफएमले जनाएको छ। 'स्वस्थ जीवनका लागि रक्तदान, पुण्यका लागि रक्तदान' भन्ने नाराका साथ आकस्मिक रक्तदान कार्यक्रम आयोजना गर्न लागिएको एभरेस्ट एफएम तथा एभरेस्ट आवाज डटकमका सम्पादक दीपेन्द्र श्रेष्ठले जानकारी दिए । उनले रगतको अभावमा आहत मनलाई राहत प्रदान गर्न रक्तदानमा सहभागी हुन आग्रह गरे । एफएमले गत वर्ष आफ्नो वार्षिकोत्सवका अवसरमा आयोजना गरेको रक्तदानमा १ सय ८१ युनिट रगत संकलन गर्न सफल भएको थियो।

१७ देखि ६५ वर्ष उमेर समूहका ४५ केजी भन्दामाथि तौल भएका स्वस्थ मानिसले रक्तदान गर्न सक्नेछन्। यसअघि ६० वर्षसम्मकाले मात्रै रक्तदान गर्न मिल्ने भनिदै आएका थियो तर पछिल्लो क्रममा ६५ वर्षसम्मकाले रक्तदान गर्नसक्ने जनाइएको छ।

त्यस्तै उच्च रक्तचाप भई औषधी सेवन गरेकालेपनि औषधी सेवनपछि सामान्य रक्तचाप भएको अवस्थामापनि रक्तदान गर्नसक्ने रक्तसञ्चार केन्द्रले जनाएको छ। रक्तदान गर्नाले शरिरमा नयाँ रक्तकोष उत्पादन भई स्वस्थ बनिने, हृदयघात र क्यान्सरको खतरा कम हुने, क्यालोरी कम भई शरिरको तौल घटाउन सहयोग पुग्ने बताइन्छ।

# लामखुट्टेको प्रजननस्थल नष्ट गर्ने अभियान देशव्यापी सञ्चालन गर्न

**रासस**
काठमाडौं, ८ कार्तिक

प्रधानमन्त्री केपी शर्मा ओलीले लामखुट्टेको प्रजननस्थल नष्ट गर्ने अभियान देशव्यापी रुपमा सञ्चालन गर्न आह्वान गर्नुभएको छ।

बिहीबार एक सन्देश जारी गर्दै उहाँले लामखुट्टेको प्रजननस्थल नष्ट गर्ने अभियानलाई कम्तीमा हप्ताको एकपटक सञ्चालन गर्न आह्वान गर्नुभएको हो।

"डेङ्गु सार्ने लामखुट्टेको नियन्त्रणका लागि सबैभन्दा बढी प्रभावकारी मानिएको लामखुट्टेको प्रजननस्थल जस्तै पानी जम्ने ठाउँ खोजी लाम्खुट्टेका लार्भा, प्युपा नष्ट गर्ने कार्यलाई कम्तीमा हप्ताको एकपटक शुक्रबार १० बजेर १० मिनेट देशाव्यापी अभियानका रुपमा सञ्चालन गर्न म सरोकारवाला निकाय, निजामती कर्मचारी, सुरक्षा निकाय, सामाजिक अभियान्ताहरुका साथै सम्पूर्ण आमनागरिकसमेतको सहभागिताका लागि हार्दिक अपिल गर्दछु", उहाँले भन्नुभएको छ । नेपालका केही जिल्लामा हालसम्म पनि डेङ्गु रोगको प्रकोप कायमै रहेको र यसले जनस्वास्थ्यका क्षेत्रमा गम्भीर चुनौती सिर्जना गरेको उहाँको भनाइ छ। "नागरिक स्वस्थ भएमा मात्रै समृद्ध नेपालको निर्माण सम्भव छ । स्वस्थ नेपाल भएमा निरोगी नेपालको अभियान पनि सफल हुनेछ", सन्देशमा भनिएको छ।

# लेखनाथमा जुनियर जेसिजको राष्ट्रिय सम्मेलन हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

नेपाल जेसिजको आयोजनामा कास्कीस्थित सात तालको बाटिका सहर लेखनाथमा भोलिदेखि १३औं राष्ट्रिय जुनियर जेसिस सम्मेलन हुने भएको छ।

यही कात्तिक ९, १० र ११ गतेसम्म सञ्चालन हुने सम्मेलनमा देशभरबाट तीनसय जना जुनियर जेसिज सहभागी हुने कार्यक्रम निर्देशक शिवानी केसीले बिहीबार यहाँ पत्रकार सम्मेलन आयोजना गरी जानकारी दिनुभयो।

लेखनाथ जेसिजको संरक्षकत्व एवं लेखनाथ जुनियर जेसिजको आथ्तियतामा हुन लागेको सम्मेलनले सात तालको बाटिका सहरका रुपमा चर्चा कमाएकाले लेखनाथ क्षेत्रको पर्यटन प्रवर्द्धन हुने विश्वास लिइएको लेखनाथ जुनियर जेसिजका अध्यक्ष प्राञ्जल पौडेलले बताउनुभयो।

सम्मेलनमा विभिन्न महत्वपूर्ण विषयमा छलफल, बहस हुनुका साथै तालिम सञ्चालन हुने जानकारी दिँदै उहाँले सहभागीलाई कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल अर्घौंअर्चलेसहित लेखनाथ क्षेत्रका सातवटै तालको अवलोकन गराइने बताउनुभयो। पत्रकार सम्मेलनमा राष्ट्रिय जुनियर जेसिजका संयोजक आरएन पौडेल, लेखनाथ जेसिजका अध्यक्ष प्रकाश राजभाटले सम्मेलनका विधि र प्रक्रियालगायत विषयमा जानकारी गराउनुभएको थियो।

# जनजागरण विद्यालयद्धारा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

पोखरा, माछापुच्छ्रे गाउपालिका-४ लाहाचोक मा अबस्थित जनजागरण आधार भूत सामुदायिक विद्यालयले अक्षयकोष स्थापना तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

सोही अबसर मा बिद्यालय मा सहयोग गर्ने संस्था तथा ब्यक्ति लाई सम्मान गरेको हो । सो अबसर मा बिद्यालयले नीतिप्रेस मिडिया लगायत अन्य तीन संस्थाले गरेको योगदानलाई कदर गर्दै विद्यालयका अक्षयकोषदातालाई सम्मान गरेको हो । नीतिप्रेसले विद्यालयलाई बिद्यालयमा अध्ययरत सम्पुर्ण बिद्यार्थीलाई स्टेशनरि तथा न्यानो कपडा बितरण गरेको थियो।

सो अबसर मा अजित नेपालिको तर्फबाट बिद्यालयमा दुई लाख चौहन्न हजार रुपैयाँ बराबरको अक्षयकोष स्थापना समेत गरिएको छ।

सम्मान कार्यक्रममा बोल्दै जनजागरण आधारभुत सामुदायिक बिद्यालयका प्राध्यानाध्यापक भिमलाल अधिकारीले आजको दिन मा हाम्रो सरकारी बिद्यालय भएको हुदा रकम को अभाव देखि अन्य कुरा को गुनासो गर्दै सहयोगि मन प्रती आभार व्यक्त गर्नु भएको थियो।

# भारतीय ...

निर्माणमा सहयोग गर्दै आएको र सहयोगलाई निरन्तरता दिने बताउनुभयो । जिल्ला समन्वय समितिका प्रमुख वाग्लेले नेपालका लागि भारतीय सरकारको सहयोग आवश्यक रहेको बताउनुभयो।

गाउँपालिकाका अध्यक्ष चुमानले गाउँपालिकाका अन्य क्षेत्रमा पनि सहयोगका लागि भारत सरकारसमक्ष आग्रह गर्नुभयो।

# हिमालय क्लवद्धारा सल्लाहकारको स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

पोखराको अग्रणी सामाजिक संस्था हिमालय क्लव, बाटुलेचौरले नवगठित सल्लाहकार समितिका सदस्यलाई स्वागत गरेको छ।

बिहीबार एक कार्यक्रमका बीच क्लवले सल्लाहकार राजेन्द्र वहादुर देवकोटा, खिमलाल अधिकारी,कुमार श्रेष्ठ, गुरूदत्त भट्टराई, दुर्गा केसी थापा, राजकुमारी बानियाँ, चित्र वहादुर थापा, कानुनी सल्लाहकार शालिग्राम भट्टराई र पदेन सल्लाहकार वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनालाई क्लवका पुर्व अध्यक्ष ताराप्रसाद तिमिल्सिना र निवर्तमान अध्यक्ष सुशील बस्नेतले खादा,बुके लगाएर स्वागत गर्नुभयो । कार्यक्रममा बोल्दै मानार्थ सदस्य वेनीवहादुर बस्नेतले समाज




विकास र रूपान्तरणमा सामाजिक संघसंस्थाले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । क्लवका अध्यक्ष मोहन वहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य राजकुमारी बानियाँ, सल्लाहकार राजेन्द्र वहादुर देवकोटा, खिमलाल अधिकारी लगायतले क्लवले आयोजना गर्ने हरेक कार्यक्रमलाई सफल बनाउन सवै पक्षको सहकार्य आवश्यक रहेको बताए। कार्यक्रमको सञ्चालन सचिव तुल वहादुर वस्नेतले गरेका थिए। क्लवले स्थापना दिवसको अवसरमा यही कार्तिक २२ गते २७ औं रक्तदान, समाजसेवा र उत्कृष्ट कृषक पुरस्कार र एकल महिला सहयोग हस्तान्तरण साथमा विविध साँस्कृतिक कार्यक्रम गर्ने तयारी गरेको छ।

कार्तिक १२ गते स्थापना दिवसको दिन साँझ क्लव सचिवालयमा दिप प्रज्वलन गरिने बताइएको छ।

# होटल ...

संयोजक भरतराज पराजुलीले संघको नयाँ कार्यसमिति घोषणा गर्दै निर्वाचित सबैलाई बधाई दिए। होटल क्षेत्र सबैभन्दा ठूलो लगानी भएको क्षेत्र भन्दै उनले संघ पुरानो संस्था भएको समेत स्मरण गराए । उद्घाटन शत्रमा बोल्दै संघका अध्यक्ष सुवेदीले पोखरा र वरपरको होटल क्षेत्रमा पाँच खर्ब रुपैयाँको लगानी रहेको जानकारी गराउँदै हवाई र सडक यातायातलाई चुस्त र दुरुस्त बनाए मात्र पोखरामा पर्यटक बढाउन सकिने बताए । संघ, पोखरा महानगर र वायु सेवा कम्पनीका प्रतिनिधिसँग बसेर पोखराको नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको पहल थालिने पनि उनले सुनाए। पर्यटन प्रबर्द्धनमा पोखरा महानगरका गतिविधि सराहनीय भएको उनले बताए। व्यवसायीको संरक्षण : पोखराको प्रवर्द्धन भन्ने मूल मन्त्रलाई बोकेर होटल संघ अगाडि बढिरहेको उनले स्मरण गराए । संघका महासचिव राजेन्द्र ढकालले भावि १२ बुँदे कार्ययोजना प्रस्तुत गरेका थिए। विविध प्रबर्द्धनका कार्यक्रम संचालन गर्ने, जाउँ है पोखरा र चलिए पोखरा जस्ता कार्यक्रमको परिमार्जित रुपमा संचालन तथा पर्यटकीय मार्टहरुमा सहभागिता जस्ता बुँदा भावि योजनामा समेटिएका छन्।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# अदालतलाई सडकबाट दबाब नदेउ

सहकारीको बचत अपचलनमा कास्की प्रहरीको हिरासतमा रहेका रास्वपाका सभापति रवि लामिछाने र पूर्व डिआइजी छविलाल जोशीलाई संगठित अपराधमा पक्राउ गर्न रुपन्देही जिल्ला अदालतले अनुमति दिएको छ । बिहीबार लामिछाने र जोशीसहित १२ जनालाई पक्राउ गरी सङ्गठित अपराधमा अनुसन्धान गर्न अदालतले अनुमति दिएको छारुपन्देही जिल्ला न्यायाधीश श्यामप्रसाद श्रेष्ठको इजलासले बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा रास्वपा सभापति लामिछाने, पूर्वडीआईजी जोशीसहित १२ जनालाई संगठित अपराधमा पक्राउ गर्न अनुमति दिएको छ।

पूर्व डिआइजी जोशीसँग बुटवलको सुप्रिम सहकारीको रकम गैरकानुनीरूपमा गोर्खा मिडिया नेटवर्कमा सारिएको विषयमा दुई दिन बयान लिएर पोखरा पठाइएको छ भने रवि लामिछानेलाई पनि पोखरा प्रहरीकै हिरासतमा राखिएको छ । उनीहरु दुवैलाई कास्की जिल्ला अदालतबाट एक साताको म्याद थप गरेर प्रहरीले अनुसन्धान गरिरहेको छ। पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन सम्बन्धमा अनुसन्धानका क्रममा पोखरा प्रहरी हिरासतमा रहेका जोशीलाई बुटवलको सुप्रिम सहकारीको रकम अपचलन सम्बन्धमा अनुसन्धान गर्न प्रहरीले सोमबार बुटवल लगेको थियो।

बुटवलको सुप्रिम सहकारीबाट जोशीका नाममा दुई करोड ५० लाख रुपियाँ गएको देखिएको छ। त्यस्तै, गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक एवं रास्वपा सभापति रवि लामिछानेका नाममा दुई करोड रकम गएको अनुसन्धानमा देखिएको छ । जोशी, लामिछानेसहित जीबी राई, भूपेन्द्रबाबु राई, कुमार रम्तेल र गोर्खा मिडिया नेटवर्कका नाममा गरी सुप्रिमका १० हजार तीन सय ९१ बचतकर्ताको १४ करोड २९ लाख ३६ हजार रुपैयाँ रकम ट्रान्सफर भएको सहकारी छानविन विशेष समितिको प्रतिवेदनमा उल्लेख छ । तर प्रहरी अनुसनधानमा भने सुप्रिमको १० करोड बढी रकम गएको देखिएको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले बताउनुभयो।

प्रहरीले यसअघि गरेको छानबिनमा जोशी, राई, सुप्रिमका अध्यक्ष ओमप्रकाश गुरुङसहित २८ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । तीमध्ये गुरुङ पुर्पक्षका लागि कारागार चलान भएका छन् । सहकारीका पूर्वसचिव दीपेश पुनसहित ६ जना धरौटीमा छुटेका छन् । पूर्वअध्यक्ष राईसहित अन्य व्यक्ति फरार छन् । अदालतको पक्राउ अनुमतिसँगै रवि लामिछानेलाई रुपन्देही ल्याएर अनुसन्धान गरिने भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीभित्र अदालतलाई प्रभावित गर्न नहोस भने छलफल चलाउनुपर्छ । नया पार्टीले नया संस्कार बसाल्न सडकबाट दबाब दिन रोक्नुपर्छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शत्रुको भय | तुला | अप्रत्यसित लाभ |
| वृष | झमेला बढ्ने | वृश्चिक | सत्कार मिल्छ |
| मिथुन | कार्यमा सफलता | धनु | आर्थिक समस्या |
| कर्कट | शुभ यात्रा | मकर | शारीरिक झमेला |
| सिंह | स्वास्थ्यमा सुधार | कुम्भ | मानसिक तनाव |
| कन्या | सहयोग मिल्नेछ | मीन | व्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# बन्दीपुरमा २० किलोमिटर सडक कालोपत्र गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, ८ कार्तिक

बन्दीपुर गाउँपालिकाले यस वर्ष २० किलोमिटर सडक कालोपत्र गर्ने भएको छ । पूर्वाधार विकास कार्यक्रमअन्तर्गत गाउँपालिकाले सडक कालोपत्र तथा स्तरोन्नतिलाई प्राथमिकतामा राखेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो।

सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट विनियोजित बजेटबाट गाउँपालिकाका सबै वडा जोड्ने बाटोमा बाह्रै महिना सवारीसाधन चल्ने बनाउन यो वर्ष २० किलोमिटर बाटो कालोपत्र गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्घ र प्रदेशबाट पर्याप्त बजेट प्राप्त भएकाले अब धमाधम काम हुन्छ ।" बेलभन्ज्याङ-बानियाँटार सडकमा रु एक करोड, रिमाल्नी- भुडाटार जाने सडकमा रु ५० लाख, बन्दीपुर-ढाडखोला मोटरमार्गअन्तर्गत भुमर्से- हल्थुम्कासम्म तीन किमि सडक कालोपत्र, वडा २ कै सिमलटारमा रु ५० लाख, वडा नम्बर ३ नम्बरको सेराटारबाट सुखौरा जाने सडकमा रु दुई करोड, वडा नम्बर ३ को कार्यालयदेखि रामकोटसम्म जाने सडकमा रु ५० लाखको कालोपत्रको योजना सुरु भएको अध्यक्ष थापाले जानकारी दिनुभयो। यसैगरी, वडा नम्बर ४ को बन्दीपुर रिडरोडमा कालोपत्र तथा प्रहरी बिटबाट टुँडिखेल जाने बाटो कालोपत्र भएको छ। अध्यक्ष थापाले शहरी आयोजना मार्फत शिखरडाँडाबाट तल्लो डुम्रे जाने बाटो कालोपत्र भएको जानकारी दिनुभयो।

वडा नम्बर ५ को याम्पा र थुम्काको बीचमा पाँच सय मिटर ढलान, तीनधाराबाट वडा नम्बर ५ को कार्यालय बाहुनभन्ज्याङ जाने सडकमा रु दुई करोडको कालोपत्रको काम यथाशीघ्र सुरु गरिने थापाले जानकारी दिनुभयो। उहाँका अनुसार वडा नम्बर ६ को साँघभन्ज्याङबाट घमलछापसम्म रु दुई करोडको बजेटमा कालोपत्र, वडा नम्बर ६ कै सराङघाटबाट भुतखोलासम्म रु एक करोडको लागतमा बाटो स्तरोन्नति भइरहेको छ । सङ्घीय र गण्डकी प्रदेश सरकारबाट गाउँपालिकालाई चालु आर्थिक वर्षमा पूर्वाधारतर्फ रु २० करोड बजेट प्राप्त भएको र उक्त बजेटबाट गाउँपालिकाका मुख्य सबै सडकमा कालोपत्र गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो।

# बलेवा- हर्मिचौर सडक धमाधम कालोपत्र हुँदै

पोखरापत्र संवाददाता
बागलुङ, ८ कार्तिक

कालीगण्डकी करिडोरअन्तर्गत बलेवा-हर्मिचौरखण्डमा धमाधम कालोपत्र भइरहेको छ। उक्त खण्डमा जैमिनी नगरपालिका क्षेत्रबाट कालोपत्र गर्न सुरु भएको हो।

कालीगण्डकी करिडोर आयोजना कार्यालयका अनुसार हालसम्म ४४ किलोमिटर सडकमा समग्र प्रगति ६५ प्रतिशत भए पनि अधिकांश भागमा अन्य काम सम्पन्न भएको र कालोपत्र गर्नमात्र काम बाँकी छ। यसैबीच, निर्माण कम्पनीले समयमा भुक्तानी पाएमा चालु आर्थिक वर्षमा कालोपत्र गरिसक्ने प्रतिबद्धता व्यक्त गरेको छ। बलेवा-हर्मिचौर सडकखण्ड ११ मिटर फराकिलो बनाएर डिबिएसटी प्रविधिमार्फत कालोपत्र गर्न थालिएको हो।

कालिका कन्ट्रक्सनले ४४ किलोमिटर बाटो रु तीन अर्ब ३० करोडमा कालोपत्र गर्न २१ महिनाअघि सडक विभागसँग सम्झौता गरेको थियो । कम्पनीलाई अघिल्लो आर्थिक वर्षको रु ५३ करोड भुक्तानी चालु वर्षमा भएकाले यो वर्ष करिडोरलाई बजेट अभाव भएको पाल्पास्थित आयोजना कार्यालयका सूचना अधिकारी अरुण खत्रीले बताउनुभयो । गैँडाकोटदेखि मालढुङ्गासम्म दुई सय ४० किमिको विभिन्न खण्डमा अहिले सडक स्तरोन्नतिको काम भइरहेको छ । बजेट अभावका कारण बलेवा विमानस्थलदेखि मालढुङ्गासम्मको १० किलोमिटर सडक कालोपत्र हुननसकेको जानकारी पनि उहाँले दिनुभयो।

# सहज बन्दै मालपोतको तामेली व्यवस्थापन

पोखरापत्र संवाददाता
तनहुँ, ८ कार्तिक

जिल्लास्थित मालपोत कार्यालयमा कम्प्युटर प्रणालीमार्फत सेवा प्रवाह हुन थालेको छ। कम्प्युटर प्रणालीको सुरुआत भएसँगै मालपोत कार्यालयको तामेली व्यवस्थापन सहज र प्रभावकारी बनेको हो।

कम्प्युटर प्रणालीबाट तामेली व्यवस्थापन गर्न थालेपछिकार्यालयमा सेवाग्राहीको घुइँचो कम हुन थालेको कार्यालयका मालपोत अधिकृत केशवराज सुवेदीले बताउनुभयो। उहाँका अनुसार कम्प्युटर प्रणालीबाट तामेलीको व्यवस्थापन गर्न थालेपछि काम छिटो र प्रभावकारी रुपमा सम्पन्न हुनाका साथै अभिलेख राख्न पनि सहज भएको छ । "सेवाग्राही अत्यधिक घुइँचो हुने भएकाले सहज सेवा उपलब्ध गराउने उद्देश्यले गत असोज १ गतेदेखि कम्प्युटर प्रणाली प्रयोगमा ल्याएका हौँ", सुवेदीले भन्नुभयो, "प्रविधिको प्रयोग गर्दै आधुनिक, सहज र गुणस्तरीय सेवा दिने पहल थालेका छौँ। यसले लामो समय कुर्नुपर्ने सेवाग्राहीको सास्ती हटेको छ।" प्रविधिको उपयोगले कार्यालयमा अभिलेखीकरण भएका लिखत खोज्न सहज भएको उहाँको दाबी छ। तीन जना कर्मचारी यसमा परिचालन गरिएको जनाउँदै मालपोत अधिकृत सुवेदीले छिटो, छरितो र पारदर्शी रुपमा कार्यसम्पादन भइरहेको बताउनुभयो ।मालपोत कार्यालयका प्रमुख एवं सूचना अधिकारी टीकाराम घोरासैनीले कम्प्युटर प्रणालीबाट तामेली व्यवस्थापन सुरु गरेपछि लिखत खोज्न सहज हुनाका साथै सेवाग्राहीको घुइँचो व्यवस्थापन हुँदै गएको बताउनुभयो। उहाँका अनुसार कम्प्युटर प्रणालीको सुरुआत भएपछि दैनिक ४० वटा लिखतका काम गरेका छन् । दैनिक लिखतको काम गर्ने व्यक्तिले ४ बजेसम्ममा रातो पुर्जासमेत लैजाने गरेका सूचना अधिकारी घरासैनीले जानकारी दिनुभयो । सेवाग्राहीका समस्या समाधान गर्दै छिटो, छरितो सेवा प्रवाह गर्ने उद्देश्यले प्रविधिको प्रयोगलाई जोड दिइएको उहाँको भनाइ छ । "कार्यालयमा प्रविधिको उपयोग नहुँदा लामो समय वा हप्तौँसम्म तामेली खोज्न समय लाग्थ्यो । कम्प्युटर प्रणाली प्रयोगमा ल्याइएपछि काम छिटो भई सेवाग्राहीले एकै दिनमा रातो पुर्जा लैजाने गरेका छन्", उहाँले भन्नुभयो।

# कालीगण्डकी जलविद्युत आयोजनाको लागत दुई खर्ब २४ अर्बभन्दा बढी

रासस
पर्वत, ८ कार्तिक

छ सय ४० मेगावाट क्षमताको बहुउद्देश्यीय कालीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माणका लागि रु दुई खर्ब २४ अर्ब ६५ करोड लागत लाग्ने भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको विद्युत् विकास विभागको प्रस्तावमा तयार पारिएको वातावरण प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदनको मस्यौदामा परियोजना सम्पन्न गर्न अनुमानित सो रकम लाग्ने उल्लेख छ। विभागको प्रस्तावमा जेभि स्मिक इन्टरनेशनल प्रालि अस्ट्रेलिया र जेड कन्सल्ट प्रालि नेपाल काठमाडौँले इआइएको काम गरिरहेको छ।

पर्वतको विहादी गाउँपालिकामा निर्माण हुने परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको काम अन्तिम चरणमा पुगेको छ । आयोजना निर्माणका बारेमा बुधवार पर्वत सदरमुकाम कुश्माबजारमा भएको सार्वजनिक सुनुवाइमा आयोजनाको कुल लागत, यसले ओगट्ने क्षेत्रफल, प्रभावित क्षेत्रलगायतका बारेमा संक्षिप्त प्रतिवेदन सार्वजनिक गरिएको छ । जसमा आयोजनाका कारण चार जिल्लाका ३२ वडा प्रभावित हुने उल्लेख छ। पर्वत, बागलुङ, स्याङ्जा र गल्मीका सात पालिका यसका प्रभावित क्षेत्र हुन्।

आयोजनामा चार वटा फ्रान्सिस टबाईन हुनेछन् भने दुईवटा टेलरेश निर्माण गरिने छन् । समुद्री सतहदेखि पाँच सय ७० मिटरको उचाइमा निर्माण हुने आयोजनामा डाइभर्सन टनेल दुईवटा, बाँधको उचाइ दुई सय ४४ मिटर र सात सय ६० मिटर चौडाइ हुने प्रतिवेदनमा उल्लेख छ । आयोजना निर्माणपछि पर्वतको विहादीदेखि जलजला गाउँपालिकाको खनियाँघाटसम्म करिब २९ किलोमिटर लामो जलाशय निर्माण हुने जनाइएको छ। प्रतिवेदन लेखनमा सङ्लग्न वातावरणविज्ञ खडक महताले यस आयोजनाबाट वार्षिक एक सय ६३ करोड युनिट विद्युत् उत्पादन हुने अनुमान गरिएको र जसबाट वार्षिक रु १५ अर्ब आम्दानी गर्न सकिने जानकारी दिनुभयो । उहाँका अनुसार उक्त आयोजना प्राविधिक, आर्थिक र वातावरणीय हिसावले सम्भव देखिएको छ। सुरुमा आठ सय ४४ मेगावाट निर्माण हुने सर्वेक्षण गरिए पनि पछिल्लो प्रतिवेदनले छ सय ४४ दशमलव ३९ मेगावाट उत्पादन हुने देखाएको हो । महताले भन्नुभयो,"आयोजना निर्माणपछि प्रभावित क्षेत्रका चार सय ३६ घरपरिवार विस्थापित हुने छन् । यो आयोजनाको बाँध, पावरहाउस, टेलरेस, टनेल, डाइभर्सन, आउटलेटलगायतका संरचना निर्माणका लागि एक हजार आठ सय ९० हेक्टर जग्गा आवश्यक पर्नेछ। जसमध्ये आठ सय तीन हेक्टर निजी र एक हजार ८२ हेक्टर वन क्षेत्र पर्नेछ भने अन्य राजमार्ग र महत्वपूर्ण सडक पर्नेछन् ।" बहुउद्देश्यीय परियोजनाको रूपमा अघि बढेको यो आयोजना सुरु भएपछि यस क्षेत्रका दुई हजार पाँच सय स्थानीयले रोजगारीको अवसर पाउने अनुमान गरिएको छ। स्थानीय श्रोतको उपयोग, विद्युतीकरण,रोयल्टीतथाशेयरको उपलब्धता, पर्यटन, मनोरञ्जन, विकास तथा भौतिक पूर्वाधार निर्माणजस्ता सकारात्मक प्रभाव र वायु, ध्वनी र पानी प्रदूषण, सामुदायिक स्वास्थ्य र सुरक्षाको जोखिम, हरितगृह ग्यास उत्सर्जनजस्ता केही नकारात्मक असर पर्ने पनि प्रतिवेदनमा उल्लेख छ । कालीगण्डकी धार्मिक एवम् पौराणिक हिसाबले समेत महत्वपूर्ण रहेकाले नदी किनारमा रहेका मोदीबेणी, जैमिनीलगायतका प्रसिद्ध धाम तथा विभिन्न घाटसमेत डुबानमा पर्नेछन् । प्रतिवेदनमा तिनको उचित स्थानान्तरण तथा व्यवस्थापन गरिने उल्लेख छ । त्यसैगरी १० मेगावाटको तल्लो मोदी-१ जलविद्युत् आयोजना, एक दशमलव पाँच मेगावाटको ठेउलेखोला र तल्लो ठेउलेखोला, बञ्जिजम्प, जिपलाइन, तथा पुष्पलाल मध्यहाडी र कालीगण्डकी करिडोरको केही भागसमेतमा प्रभाव पर्ने जनाइएको छ।

सार्वजनिक सुनुवाइमा सहभागी यस क्षेत्रका नागरिकले कालीगण्डकीको सभ्यतालाई असर नपर्ने गरी र यहाँ रहेका पौराणिक र ऐतिहासिकस्थललाई प्रभावित नगर्ने गरी निर्माण गर्न सुझाव दिएका छन् । कुश्मा नगरपालिकाका ११, फलेवास नगरपालिकाका छ, विहादी गाउँपालिकाको एक, बागलुङको बागलुङ नगरपालिकाका छ, जैमिनि नगरपालिकाका चार र गुल्मीको कालीगण्डकी गाउँपालिका वडा नं ६ र स्याङ्जाको गल्याङ नगरपालिका वडा नं ५ र ६ का बासिन्दाबीच सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हो।

विद्युत् विकास विभागका इन्जिनियर सुनिल पौडेलका अनुसार विसं २०७६ चैत ५ गतेदेखि आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको काम सुरु भएको थियो । प्रतिवेदनअनुसार उक्त लगानी नेपालले मात्र गर्न सक्ने अवस्था देखिएको छैन। जसका लागि नागरिक र वैदेशिक लगानीकर्ताको समेत सहभागिता जुटाउनुपर्ने उहाँको भनाइ छ । यहाँ उत्पादित विद्युत् २२० केभी क्षमताको कुश्मा-बुटवल प्रसारण लाइनमा जोडिने छ।

नेपालकै अन्य जलाशययुक्त जलविद्युत् आयोजनाभन्दा सस्तो र कम क्षति पुऱ्याउने उक्त आयोजना देशकै नमूना हुने र पर्यटकीय हिसाबले समेत निकै ठूलो फड्को मार्नेमा विश्वास लिइएको फलेवास नगरपालिकाका पूर्वप्रमुख पदमपाणि शर्माले बताउनुभयो।

# कृषि फार्मबाट वार्षिक १२ लाख आम्दानी

पोखरापत्र संवाददाता
पर्वत, ८ कार्तिक

कुश्मा नगरपालिका-८ चुवाकी देवीकुमारी क्षेत्रीले व्यावसायिक कृषिफार्म सञ्चालन गरेर वार्षिक रु १२ लाख बढी आम्दानी गर्दै आउनुभएको छ। सुन्देरखोला कृषि तथा पशुपालन फार्म सञ्चालन गर्नुभएकी क्षेत्रीले माछा, कुखुरा, बाखा तथा हाँसपालन गर्दै आउनुभएको हो । दश रोपनी क्षेत्रफलमा पाँचवटा पोखरी निर्माण गरेर व्यावसायिक रुपमा माछा पालन गर्दै आउनुभएकी क्षेत्रीले वार्षिक १५ हजार किलोग्राम भन्दाबढी माछा बिक्री गर्ने गरेको बताउनुभयो । माछाका साथै उहाँको फार्ममा गाईभैँसीसहित, स्थानीय जातका कुखुरा, बाखा तथा हाँस पनि छन्। दैनिक ३० देखि ४० लिटर दूध बिक्री गर्दै आएको उहाँले बताउनुभयो।

रु २५ लाख लगानी गरेर सात वर्षदेखि सञ्चालनमा आएको उक्त फार्मबाट सबै खर्च कटाएर वार्षिक रु १२ लाखसम्म आम्दानी हुने गरेकको क्षेत्रीले जानकारी दिनुभयो । फार्ममा उत्पादित माछा, दूध, बाखा तथा बोका, कुखुरा, हाँस बिक्री गर्न बजार जानु नपर्ने भन्दै मध्यपहाडी लोकमार्गको पोखरा-बागलुङ खण्ड नजिकै फार्म भएकाले ग्राहक/व्यावसायी घरमा आएर खरिद गर्ने गरेका उहाँले बताउनुभयो । "सुरुमा लगानी धेरै गरेँ, व्यवसाय सङ्कटमा पर्छ कि भन्ने लागेको थियो, पछि उत्पादित सबै वस्तु सहज रुपमा घरबाटै बिक्री हुन थालेपछि लगानी र व्यवसाय थप गर्दै गएकी हुँ", क्षेत्रीले भन्नुभयो। कृषिबाट भएको आम्दानीले दुई छोरालाई शिक्षाका लागि अमेरिका पठाएको बताउँदै उहाँले श्रीमान् पनि रोजगारीको सिलसिलामा विदेशमै रहनुभएको जानकारी दिनुभयो । क्षेत्रीले फार्ममा तीन जनालाई रोजगारी दिएको जानकारी दिनुभयो । "पहिलेदेखि आफ्नै व्यवसाय सञ्चालन गरी स्वरोजगार बन्ने योजना थियो", उहाँले भन्नुभयो, "यसअघि व्यावसायिक बङ्गुरपालनसमेत गरेँ, त्यसअभि स्थानीय मदिरा उत्पादन गरेकी थिएँ । पछि कृषि क्षेत्रमा आवद्ध भएकी हुँ ।" आम्दानीका लागि महिलालाई पुरुषको सहयोग चाहिन्छ भन्ने कुरालाई चुनौती दिँदै आफू सफल महिला उद्यमी बनेको क्षेत्रीको भनाइ छ । अधिकांश समय फार्ममा व्यस्त देखिने क्षेत्री राजनीतिमासमेत सक्रिय हुनुहुन्छ । नेपाल समाजवादी पार्टीको केन्द्रीय सदस्य तथा गण्डकी प्रदेशको महिला विभाग प्रमुखसमेत रहनुभएकी क्षेत्री, महिला स्वास्थ्य स्वयंसेविकाका रुपमा पनि काम गर्दै आउनुभएको छ। "पार्टीको कार्यक्रम परेमा अन्य जिल्लामा समेत जाने गरेकी छु। कार्यक्रम नपर्दा फार्मको रेखदेखमा समय बिताउछु", उहाँले भन्नुभयो।

आँट, समयको व्यवस्थापन र मेहनतका साथ आफ्नो कामलाई निरन्तरता दिने हो भने सफल भइने क्षेत्रीको बुझाइ छ। कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलगायत संस्थाबाट प्राविधिक तथा अन्य तालिम र सहयोग प्राप्त गरेको उहाँले जानकारी दिनुभयो । स्वदेशमा रहेर व्यावसायिक रुपमा कृषि पेसा गर्नेहरुलाई तीनै तहका सरकारले अनुदान, बजारीकरण र प्राविधिक सहयोग, तालिमलगायत व्यवस्थापन गरेका युवा पुस्ताको बढ्दो विदेश पलायन रोक्न सकिने क्षेत्रीले विश्वास व्यक्त गर्नुभयो।

# आन्तरिक पर्यटकको रोजाइमा ढोरपाटन शिकार आरक्ष

**रासस**
म्याग्दी, ८ कार्तिक

पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन शिकार आरक्षमा आउने आन्तरिक पर्यटकको सङ्ख्यामा बृद्धि भएको छ । घुमघामका लागि अनुकुल शरदयाममा दसै, तिहार, छठ लगायत चाडपर्वको लामो बिदा पारेर शिक्षक, विद्यार्थी, कर्मचारी, आमा समूह, युवा क्लवको टोली बनाएर ढोरपाटन घुम्न आएका हुन् ।

चालु आर्थिक वर्षको साउनदेखि असोज महिनासम्म पाँच हजार दुई सय चार जना पर्यटकले ढोरपाटन भ्रमण गरेका शिकार आरक्षका रेञ्जर सागर सुवेदीले जानकारी दिनुभयो । साउनमा पाँच सय १८, भदौमा तीन हजार ३२ र असोजमा नौ जना विदेशी सहित एक हजार छ सय ५४ जना पर्यटक आएका उहाँले बताउनुभयो । आर्थिक वर्ष २०८०/८१ मा १५ हजार पाँच सय ७३ जनाले भ्रमण गरेको ढोरपाटनमा पर्यापर्यटन शीर्षकमा रु. १९ लाख ३३ हजार सात सय राजस्व संकलन भएको थियो । २०७९/८० मा सात हजार छ सय ४५ जना पर्यटक आएका थिए । ढोरपाटन उपत्यकाको प्रवेशबिन्दु देउरालीमा आरक्ष र नेपाली सेनाको पोष्टमा पर्यटकहरुको विवरण राख्ने र शुल्क लिने गरिन्छ । ढोरपाटन घुम्न नेपालीले प्रतिव्यक्ति एक सय, सार्क राष्ट्रकाले प्रतिव्यक्ति एक हजार पाँच सय र अन्य देशकाले रु. तीन हजारका दरले शूल्क तिर्नुपर्छ । दसै विदाको अवसर पारेर फराकिलो फाट, बुकी, गाईभैसी, भेडा, घोडाको गोठ, वन्यजन्तु, पंक्षी, वनजंगलको दृष्य अवलोकन गर्न साथीहरुसँगै ढोरपाटन घुमेर आएको बेनी नगरपालिका-१० पात्लेखेतको दिपक माविका प्रधानाध्यक विष्णुप्रसाद ढुंगानाले बताउनुभयो ।

एक हजार तीन सय २५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन शिकार आरक्षले पुर्वी रुकुमको ६०, बागलुङको २६ र म्याग्दीको १४ प्रतिशत भूगोल ओगटेको छ । ढोरपाटनमा रहेका २१ वटा होटल र होमस्टेमा दैनिक तीन सय जना बास बस्न सक्ने क्षमता छ ।

सडक यातायात, होटल तथा घरवास सुविधा, सञ्चार माध्यम र सामाजिक सञ्जालका कारण बुकी फुलेको हेर्न, फोटो, भिडियो खिचेर सामाजिक सञ्जालमा राख्न र प्रकृतिमा रमाउन दैनिकजसो पर्यटक आउने गरेका ढोरपाटन सामुदायिक होमस्टेका सञ्चालक रामबहादुर घर्तिमगरले बताउनुभयो । गतअसोज र यही कात्तिकको यामका लागि १२ नाउर, आठ झारल र ११ बँदेलको सिकारका लागि अनुमति दिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ । चार कम्पनीमार्फत १२ विदेशी सिकारीले सिकारको अनुमति लिएका छन् ।

सिकारका लागि अनुमति दिएका नाउर, झारल र बँदेलको गरी कूल रु. एक करोड ४५ लाख ९२ हजार चार सय राजस्व आम्दानी भएको छ । विदेशी सिकारी टोली आरक्षमा आइसकेका छन् । आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिवाङ, घुस्तुङ ब्लगमा विभाजन गरी शिकार खेल्न दिने व्यवस्था मिलाइएको छ। यहाँ ३२ प्रजातिका स्तनधारी वन्यजन्तु र १३७ प्रजातिका पंक्षीहरु छन् ।



कागबेनीमा श्राद्ध गर्नेको घुइँचो
मुस्ताङको पवित्र तिर्थस्थल कागवेनीस्थित कालीगण्डकी नदी किनारमा आफ्ना दिवङ्गत पितृहरुको सम्झनामा श्राद्ध गर्दै आफन्तलगायत । यस वर्ष दसैँपछि मौसम सफा भएर सडकमार्ग सहज बनेपछि कागवेनीमा अहिले आफ्ना दिवङ्गत आफन्तको नाममा तर्पण दिनेहरुको घुइँचो लागेको छ ।
तस्बिर : कमल खत्री / रासस

# मुक्तिनाथमा दैनिक चार हजार पर्यटकको आगमन

**रासस**
म्याग्दी, ८ कार्तिक

हिन्दु तथा बौद्ध धर्मावलम्बीहरुको साझा तीर्थस्थलका रुपमा परिचित मुस्ताङको मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्न थालेको छ। दसैँ सकिएलगत्तै मुक्तिनाथमा दैनिक करिब चार हजार धार्मिक पर्यटकको आगमन हुन थालेको हो ।

मौसम सफा भएसँगै मुक्तिनाथ दर्शन गर्न र मुस्ताङको पर्यटकीय स्थलहरुको भ्रमणमा आउने पर्यटकहरु उल्लेख्य मात्रामा वृद्धि भएका मुक्तिनाथ विकास समितिका व्यवस्थापक रबिन सुवेदीले बताउनुभयो । उहाँका अनुसार पछिल्लो एकसातायता दैनिक चार हजार बढी धार्मिक पर्यटकले मुक्तिनाथ मन्दिरको दर्शन गरिरहेका छन् ।

दसैँ तिहारको बिदाको समयलाई उपयोग गर्दै दैनिक हजारौँ पर्यटक म्याग्दी हुँदै मुस्ताङ भित्रिने गरेका छन् । मुस्ताङ भित्रिएका पर्यटकमध्ये अधिकांशको पहिलो रोजाइ



मुक्तिनाथ पर्ने गरेको छ । मन्दिर नजिक रानीपौवा बजार क्षेत्रमा ३५ वटा सुविधायुक्त होटल सञ्चालनमा रहेका बताउँदै व्यवस्थापक सुवेदीले अहिले सबै होटल दैनिकजसो धार्मिक पर्यटकले भरिभराउ हुने उल्लेख गर्नुभयो ।

इलाका प्रहरी कार्यालय मुक्तिनाथका अुनसार अहिले आउनेमध्ये ८० प्रतिशत आन्तरिक पर्यटक छन् । विदेशी पर्यटकमध्ये अधिकांश छिमेकी मुलुक भारतका छन्। चक्रिय अन्नपूर्ण पदमार्गको थोराङभञ्ज्याङ चढेर आउने तेस्रो मुलुकका पर्यटकले पनि मुक्तिनाथको दर्शन गर्ने गरेका मुक्तिनाथ विकास समितिले जनाएको छ । बिदाको समयमा विद्यालय, क्याम्पस, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि तथा युवाहरु सडकमार्ग प्रयोग गरेर मुक्तिनाथ पुग्ने गरेका विकास समितिका व्यवस्थापक सुवेदीले बताउनुभयो ।

सामान्य अवस्थामा मन्दिर दिउँसो १२ देखि १ बजेसम्म बन्द रहने भएपनि दसैँलगत्तै दिनभर भक्तजनहरुको घुइँचो लाग्न थालेपछि बिहानदेखि बेलुकीसम्म पूजाआजा र दर्शनका लागि मन्दिरलाई खुला गरिएको मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

"भक्तजनलाई लाइनमा बसेर सहज रुपमा पूजा र दर्शन गर्ने प्रबन्ध मिलाएका छौँ । अशक्त र वृद्धवृद्धाले लाइन बस्नु पर्दैन । मुक्तिनाथको महिमा र प्रचारप्रसारले प्रत्येक वर्ष यहाँ आउने दशनार्थीको सङ्ख्यमा उल्लेख्य वृद्धि हुँदै गएको छ", उहाँले भन्नुभयो ।

मुक्तिनाथमा दर्शन गर्नाले मनोकामना पूरा हुने र सुख, शान्तिको बास हुने जनविश्वास रहेको छ। मन्दिर परिसरमा रहेका एक सय आठ धारा र मन्दिरको अगाडी रहेको जलकुण्डमा स्नान गरेपछि मन्दिरमा पूजा गर्ने चलन रहेको पुजारी सुवेदीले जानकारी दिनुभयो ।

मुक्तिनाथ आउने धार्मिक पर्यटकका कारण मुस्ताङको कागबेनी, मुक्तिनाथ, जोमसोम, मार्फा, लेतेसहित म्याग्दीका अधिकांश होटल भरिभराउ भएका छन्। पर्यटकको आगमन बढ्देसँगै आयआर्जन वृद्धि भएको स्थानीय व्यापारी बताउँछन् ।

# घरदैलोमै एकीकृत सेवा पाउँदा स्थानीय खुसी

**पोखरापत्र संवाददाता**
दमौली, ८ कार्तिक

तनहुँको म्याग्दे गाउँपालिकाले पालिकाका सबै सेवा एकीकृत रूपमा प्रदान गर्न घरदैलोमै घुम्ती शिविर आयोजना गरेपछि स्थानीयवासी खुसी भएका छन् । सेवा लिन पालिकासम्म आउनुपर्ने बाध्यताको अन्त्यका लागि पालिकाले घरदैलो सेवा सुरु गरेपछि स्थानीयवासी खुसी भएका हुन् ।

घुम्ती शिविरबाट घरदैलोमै सेवा पाउँदा सहज भएको म्याग्दे गाउँपालिका-१ का दुर्गा रानाले बताउनुभयो । पालिकाबाट प्रदान गरिने सेवा लिन प्रमुख प्रशासनिक केन्द्रसम्म पुग्नुपर्ने बाध्यता रहेकामा पालिकाले घरदैलोमा आएर सेवा दिँदा सजिलो भएको उहाँले सुनाउनुभयो । यहाँ गत असोज ६ गतेदेखि घरदैलोमा पुगेर एकीकृत सेवा सुरु गरिएको हो । जसअनुसार वडा नं १, २, ३ र ७ मा दसैं अगावै एकीकृत घुम्ती शिविर सम्पन्न भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। वडा नं १ को बाखे, बर्च्याङ, गुणादी, वडा नं २ को गुन्जरा र पार्टीचौर, वडा नं ३ को झिमिरे चोक र निर्मलबस्ती, वडा नं ७ को समिधारा स्वास्थ्य केन्द्र, तिल्याटार सामुदायिक भवनमा एकीकृत घुम्ती शिविर सम्पन्न भइसकेको छ । दसैँपश्चात् वडा नं ४, ५ र ६ मा एकीकृत घुम्ती शिविर सुरु गरिएको र जसअनुसार वडा नं ४ को कोलडाँडा स्वास्थ्य भवन, गणेश माविमा मङ्गलबार र सोही वडाको छिम्लीस्वाँरा कालिका मोइ समूह भवनमा बुधबार शिविर सञ्चालन गरिएको वडाध्यक्ष दीपक श्रेष्ठले जानकारी दिनुभयो । वडा नं ५ को माथिल्लो घडेरी, छाङ पाटन, साउनेपानी, बोटेनीटारमा कात्तिक आज र भोलि शुक्रबार तथा वडा नं ६ को सर्वलाङ, रत्न मावि, तिलाहार र गाउँस्वारा र अकला सामुदायिक भवनमा कात्तिक ११ र १२ गते शिविर सञ्चालन गरिने पालिकाले जनाएको छ । पालिकाको पहुँचभन्दा टाढा बसोबास गर्ने नागरिकलाई एकीकृत रूपमा स्वास्थ्य, कृषि, पशु सेवा, पञ्जीकरण, उद्योग तथा व्यवसाय दर्ता तथा नवीकरण, राजस्व सङ्कलनलगायत सेवा सहज तरिकाले जनतासामु पुऱ्याउने उद्देश्य अनुसार एकीकृत घुम्ती शिविर अभियान सुरु गरिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । शिविरमा स्वास्थ्यतर्फ परिवार नियोजन, सुरक्षित मातृत्व सेवा, भिडियो एक्सरेसहित गर्भवती परीक्षण, क्षयरोग स्क्रिनिङ, सामान्य स्वास्थ्य परीक्षण, दन्त परीक्षण सेवा, भिया स्क्रनिङ सेवा, स्तन क्यान्सर परीक्षण सेवा प्रदान गर्ने गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

कृषितर्फ उन्नत जातका बीउविजन वितरण, विभिन्न अनुदानका सूचनाका माग

सङ्कलन, पशु सेवातर्फ बिरामी पशुपक्षीको उपचार, पशु बन्ध्याकरण सेवा, पशुजन्य औषधि वितरण, गोवर परीक्षण, कुकुर बिरालोलाई रेविज विरुद्धको खोप सेवा प्रदान गरिएको छ । पञ्जीकरण सेवातर्फ जन्मदर्ता, बसाइँसराइ, विवाहदर्ता, मृत्युदर्ता, सामाजिक सुरक्षा भत्तालगायतका विभिन्न सिफारिस, उद्योगतर्फ उद्योग, व्यापार, वाणिज्य दर्ता तथा सूचीकृत सेवा उपलव्ध गराउने गरिएको प्रमुख प्रशासकीय अधिकृत अधिकारीले उल्लेख गर्नुभयो ।

# मुस्ताङबाट यस वर्ष ९२ करोडभन्दा बढीको स्याउ निर्यात

**रासस**
म्याग्दी, ८ कार्तिक

स्याउको राजधानी भनेर चिनिने हिमालपारीको जिल्ला मुस्ताङमा यस वर्ष हालसम्मकै बढी स्याउ उत्पादन भएको छ । स्याउ निर्यात गरेर मुस्ताङी किसानले रु ९२ करोडभन्दा बढी जिल्लामा भित्र्याएका छन् ।

कृषि ज्ञान केन्द्र मुस्ताङका अनुसार यस वर्ष करिब सात हजार तीन सय ३० मेट्रिकटन स्याउ उत्पादन भएको छ । कृषि ज्ञान केन्द्र प्रमुख राजेश गुरुङले भन्नुभयो, "यस वर्ष मुस्ताङमा हालसम्मकै धेरै स्याउ उत्पादन भयो । प्रारम्भीक मूल्याङ्कनअनुसार यस वर्ष करिब रु ९३ करोडको हाराहारीमा स्याउ निर्यात भएको पाएका छौँ, पूरै तथ्याङ्क अझै आइसकेको छैन । यस वर्ष स्याउ फूल्ने र दाना लाग्ने समयमा अनुकूल मौसमका कारण उत्पादन वृद्धि भएको हो, जसबाट किसान निकै लाभान्वित भएका छन् ।" विगतको तुलनामा यस वर्ष करिब ३५ प्रतिशतले स्याउको उत्पादन बढेको गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयले जनाएको छ । गत वर्ष मुस्ताङमा छ हजार पाँच सय ९६ मेट्रिकटन स्याउ उत्पादन भएकोमा यस वर्ष गत वर्षभन्दा सात सय ३४ टनभन्दा बढी उत्पादन भएको निर्देशनालयले जनाएको छ ।

गत वर्ष रु ५४ करोड ७२ लाख बराबरको स्याउ निकासी भएकोमा यसवर्ष गत वर्षभन्दा करिब रु २९ करोड बढी आम्दानी भएको कृषि ज्ञान केन्द्रका प्रमुख गुरुङले जानकारी दिनुभयो । यसैगरी कृषि विकास निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्कअनुसार मुस्ताङमा स्थानीय जातको स्याउ छ हजार ७८ मेट्रिकटन उत्पादन भएको छ । स्थानीय जातको स्याउ कुल आठ सय ३० हेक्टर क्षेत्रफलमा लगाइएकामा पाँच सय ६६ हेक्टर क्षेत्रफलको स्याउका बोटबाट उत्पादन भइरहेको छ । यस वर्ष किसानबाट खरिद गर्दा व्यापारीले औसत मूल्य एक सय १० रुपैयाँ दिएका छन् । जसको कुल मूल्य रु ६६ करोड ८६ लाख ७२ हजार चार सय रहेको जनाइएको छ । स्थानीय जातका स्याउ प्रतिकेजी एक सय १० रुपैयाँ र हाईब्रिट स्याउ प्रतिकेजी रु दुई सयमा निकासी हुँदा मुस्ताङमा करिब रु ८३ करोड रकम भित्रिएको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख गुरुङले जानकारी दिनुभयो । कृषि विकास निर्देशनालय गण्डकीका महानिर्देशक बासुदेव रेग्मीले यसपटक करिब रु ६० करोड १८ लाख मूल्य बराबरको स्थानीय जातको स्याउ खपत तथा निर्यात हुने अनुमान गरिएकामा अनुमान गरेभन्दा छ करोड बढी मूल्यको स्याउ विक्री भएको बताउनुभयो । उहाँका अनुसार मुस्ताङमा स्थानीय जातभन्दा आयातित उच्च घनत्व स्याउको उत्पादन राम्रो हुँदै गएको देखिएको छ । केही कृषकले लगाएको विदेशी जातको स्याउको बोटबाट छोटो समयमा धेरै परिमाणमा उत्पादन हुँदा व्यावसायिकरूपमा स्याउ उत्पादनको सम्भावना झनै बलियो बन्दै गइरहेको महानिर्देशक रेग्मीको भनाइ छ । मुस्ताङमा हाल ६० हेक्टर क्षेत्रफलमा मात्रै उच्च घनत्व जातका स्याउको खेती गरिएकोमा ५० हेक्टर क्षेत्रफलका बोटले उत्पादन दिन सुरु गरिसकेका छन् । उक्त क्षेत्रफलबाट एक हजार दुई सय ५० मेट्रिकटन स्याउ फलेको छ । जसको विक्री दर औसतमा दुई सय रुपैयाँ प्रतिकिलो रहेको छ । यसको कुल मूल्य रु २५ करोड रुपैयाँ रहेको छ ।यहाँ उत्पादन भएकामध्ये १० प्रतिशत जिल्लामा नै खपत तथा भण्डारण हुने गरेको र बाँकी ९० प्रतिशत उत्पादन म्याग्दी, बागलुङ, पर्वत हुँदै पोखरा, नारायणगढ, काठमाडौँलगायतका ठाउँमा भण्डारण र निर्यात हुने गरेको निर्देशनालयले जनाएको छ ।

मुस्ताङमा एक हजार चार सय १५ हेक्टर क्षेत्रफलमा स्याउ खेती विस्तार भएको र पाँच सय ८५ हेक्टर जमिनमा लगाइएको स्याउका बोटमा मात्रै स्याउ फलेका कृषि ज्ञान केन्द्र मुस्ताङले जनाएको छ । यहाँ ८० प्रतिशत स्थानीय जातका स्याउ र २० प्रतिशत हाईब्रिड स्याउको खेती गरिएको छ ।

